# लमी

- गान्धि राज भट्टराई

लक्ष्मीदत्त ढकाल भोजाडको स्थानीय स्कुलमा शिक्षक थिए । उमेरले त भरखर पच्चीस पुरा गरेका हुन् तर जागीर खाएको दश वर्ष पुगिसकेको थियो । त्रिचालिस सालमा एसएलसी गरेपछि त्यसै सालदेखि आफ्नै गाउंको स्कुलमा शिक्षकको जागिरे जीवनमा प्रवेश गरेका थिए । घरको आर्थिक स्थिति त्यति राम्रो थिएन । जेठा छोरा भएको कारण विभिन्न कुराहरु हेर्नु पर्थ्यो । परिवारमा पहिलेदेखि रोगी आमा बाबुका अतिरिक्त एउटी दिदी, दुईटी वहिनी, एउटा भाइ थिए । आफुले एसएलसी गरेपछि भाइ वहिनीहरुलाई पनि पढाउने लेखाउने जिम्मेवारी सानैदेखि उनी माथि नै आइलागेको थियो ।

लक्ष्मीदत्त सानैदेखि पढ्नमा तेज थिए । कक्षामा पहिलो छोडेर दोश्रो कहिले हुनु परेन । टेस्टमा जिल्लाको बोर्डमा छैठौं स्थान ल्याएका थिए । गुरुहरुले सोध्दा एसएलसीपछि दुई साल दुःख गरेर एचए (हेल्थ असिस्टेन्ट) पढेर आफ्नै ठाउंको स्थास्थ्य केन्द्रमा डाक्टर हुन्छु भन्थे ।

-o-

कार्तिकमा महाराजगन्जमा एचए को फारम खुल्यो भन्ने थाहा भयो । लक्ष्मीदत्त पनि फारम भर्न काठमाण्डौं जाने तरखर गर्न लागे । दुई वर्षसम्म काठमाण्डौंमा बसेर घरबाट खर्च पेलेर पढ्न सक्ने स्थिति नभए पनि घरबाट अलिअलि भरथेग भए नपुगलाई काठमाण्डौंमा ट्युशन पढाएर पनि धान्न सकिन्छ भन्ने कुरा साथीहरुबाट सुनेका थिए । अलि सिनीयर दाजुहरुले ‘शुरुशुरुमा घरमै गएर पढाउनु पर्छ साना केटाकेटीहरुलाई, तैपनि तं आउंछस् भने हामी खोज्दिउंला’ पनि भनेका थिए ।

बाहिरखेर यस्तै कुराहरुले गर्दा काठमाण्डौं बसेर दुई वर्ष गुजार्न सक्छु भन्ने आंट भित्रभित्रै पलाइरहेको थियो । तर खर्चको व्यवस्था बारे घरसल्लाह भएको थिएन । त्यो दिन पनि भाइबहिनीहरु सुतिसकेपछि बाबु, आमा र लक्ष्मीदत्त बसेर छलफल गर्न लागे ।

“बरु मेरा यी नाक कानका गहना बेचेर भए पनि जेठो छोरालाई डाक्टर नै बनाउनी हो । भोली छोरा गाउंमा डाक्टर भएर आउंदा कस्तो हुन्छ?” आमाको अन्जान माया र गर्व शब्द बनेर पोखियो ।

“तैंले हिसाब गरेइछेस्? दुई वर्षसम्म काठमाण्डुआं बसेर डाक्टरी पढ्ने खर्च ह्यां हो? तेरा यी नाक कानमा कति लाइछेस्? छ महिना पनि पुग्दैन ।” बाबुले खाउंला जस्तो गरी आमालाई डक्ल्याए ।

“तैंले एसेल्सी गरिहालिस् । तं मुनि ती-तीन जना भाइबहिनीहरु छन् । तिनर्लाई पनि पढाउनै पर्‌यो । अब तंलाई ह्यां भन्दा माथि पढाउन सक्दिन । सक्छस् भने भरथेग गरेर तिंदर्लाई पनि एसेल्सीसम्म खुट्टा लगाइदे । सक्दैनस् भने अब आफु जसरी गर्ने हो गर् । तंलाई एसेल्सी गराइहालें, मलाई अब पाप लागोइन ।” बाबुको पुराणको मेलो लक्ष्मीदत्ततिर सोझियो ।

लक्ष्मीदत्तले घरबाट केही सहयोग पाउने स्थिति रहेन । नसक्ने त छंदै थियो, राम्रै मुखले भनेको भए पनि त हुन्थ्यो । “यी पनि तेरै भाइ बहिनी हुन् रे । उनीहरुलाई पनि तैंले भरथेग गर् रे । भुत्राको । मसंग सोधेर जन्माएका हुन् र?” लक्ष्मीदत्त एक्लै झोक्किए बाबुसंग । त्यो दिनको बाबुको कुराले साह्रै पोल्यो लक्ष्मीदत्तलाई ।

त्यो घटनापछि आफ्नै बाबुसंग पनि हात पसारेर केही माग्न मन लागेन लक्ष्मीदत्तलाई । जागीर भेटेसम्म दिउसो कतै काम गर्ने भनेर छेउकै वीरेन्द्र क्याम्पसमा रातीको क्लास लिने गरी म्याथ र इंग्लिस मेजर लिएर आर्टस्‌मा भर्ना भए । त्यो साल एचएको लास्ट लिस्टमा बहत्तर प्रतिशत ल्याउनेको पनि नाम निस्केछ तर लक्ष्मीदत्तले चौहत्तर प्रतिशत अंक ल्याएर पनि एचए पढ्ने आकांक्षा पुरा भएन ।

-o-

त्यहीसाल पुसदेखि गाउंको स्कुलमा स्थानीय श्रोतबाट तलब खाने गरी एकजना शिक्षक राख्ने निर्णय भयो । स्कुलको जेहन्दार विद्यार्थी पनि भएको र लक्ष्मीदत्तलाई राख्दा तलब पनि धेरै दिनु नपर्ने बरु प्राइमरी देखि हाइस्कुल लेभलका जुनसुकै विषय पनि पढाउन सक्ने देखेकोले न्यौपाने हेडसरले लक्ष्मीदत्तलाई बोलाए । अभिभावकहरु सबैले राम्रै माने ।

स्कुलमा पढाउन शुरु गरेपछि अनेक हण्डर खांदै लक्ष्मीदत्तले आइए, बिए पास गरेर एमए को पनि दोश्रो वर्षको प्राइभेट परीक्षा दिने बेला भइसकेको थियो । शिक्षा आयोगको जांच पास गरेर हाइस्कुलको स्थायी शिक्षक पनि भए यो अवधिमा । मेजर इंग्लिस र म्याथ लिएर पढेको हुनाले स्कुलदेखि क्याम्पससम्मका विद्यार्थीहरु ट्युशन पढ्न आउने भएका थिए । छोटकरीमा भन्नुपर्दा गएको चार पांच वर्षदेखि लक्ष्मीदत्तको स्थिति राम्रो भएको थियो ।

मान्छेको स्थिति सुध्रिंदै आएपछि घर व्यवहारका आवश्यकताहरु पनि बढ्न थाले । भाइबहिनीहरु पनि कुनै कुरा पर्दा बाबुसंग नभनेर लक्ष्मीदत्तसंगै आइपुग्थे । लक्ष्मीदत्तलाई अब त्यही जिन्दगी रमाइलो लाग्ने भएको थियो । बेला बेलामा मेडिकल लाइन पढ्न नपाएकोमा मन खिन्न भने भइरहन्थ्यो । तर पनि बाबुप्रतिको गुनासोहरु मेटिइसकेका थिए । आमाचाहिं बाबुसंग खटपट भएको बेला 'छोरालाई हेलां गरेर उसले पढ्न खोजेको पढाइनस्' भनेर रिस पोख्थिन् । तर त्यतिखेरको वाध्यता नै थियो बाबुको पनि । शायद आफ्नै बचनले गर्दा होला बाबुले पनि उसको आयव्ययमा कुनै नितिखोजी गर्दैनथे । भाइबहिनीहरु सबैले राम्रै पढिरहेका थिए ।

-o -

लक्ष्मीदत्तलाई विस्तारै विहेका प्रस्तावहरु आउन थाले । पहिलो दुई तीन वर्ष वहिनीहरुको विहे नगरी आफ्नो विहे कसरी गर्नु भनेर वास्ता राखेनन् । खै कस्तो चलन हो कुन्नि? घरमा वहिनीहरु छंदाछंदै दाजुले विहे गर्न नमिल्ने । नन्द भाउजुको सम्बन्ध अलि घमण्डी पाराको होला र दुवैको घर विग्रेला भनेर जोगाउनलाई बुढापाकाले त्यस्तो चलन बसालेका हुन् की? अथवा पराइ छोरी घरमा आएपछि आफ्नो चुरीफुरी खतम हुने र विहे मा आफुखुसी दाइजो लान पाइंदैन भनेर नन्दहरुले निकालेका उपाय हुन्? जे जसरी चलन चलेको भएपनि लक्ष्मीदत्तले बहिनीहरु दुईटीको विहे नगरी आफु विहे गर्दिन भनेरै बसे । बाबु आमाले पनि उसलाई विहे गर्न एक वचन पनि अनुरोध गरेनन् ।

लक्ष्मीदत्तका दुईटै बहिनीहरुको विहे सकियो । अचम्म त लक्ष्मीदत्तलाई त्यतिखेर लाग्यो जब उसकी कान्छी बहिनीको पनि विहे सकियो । बहिनीको दुलन फर्काएर हिंडेकै दिनदेखि आमालाई बुहारी चाहिएछ । यतिन्जेल उनले कमाए, घर बनाए, भाइबहिनीलाई पढाए, अहं उनलाई के चाहिन्छ, कसो हुंदैछ कसैले सोधखोज गरेन । उनलाई मनको बह पोख्ने श्रीमती कहिलेदेखि चाहिएको थियो कसैलाई वास्ता भएन, अहिले दशैदिनमा घरमा बुहारी चाहियो रे । घरमा दिनदिनै उनकै विहेका कुरा चल्न थाले । दिनको एउटी केटीका कुरा आउन थाले । लक्ष्मीदत्तलाई अचम्म लागिरह्यो । यी प्रस्तावहरु कहां अड्केका थिए होलान् पहिले? जे होस् अब लक्ष्मीदत्त पनि विहे गर्ने निर्णयमा पुगे । विभिन्न ठाउंमा केटी हेर्न जाने सिलसिला शुरु भयो ।

एकचोटी मुकुन्दपुरका अधिकारी बाजेका छोरी हेर्न पुगेछन् । बेलुकी भान्सामा घुंडामा टाउको लुकाउंदै बाजेकी छोरीले खाना पस्केर दिइछन् । देख्न समेत नपाइने ठाउंमा बोलचाल गर्ने त कुरै भएन । आफ्नो मन मिल्ने साथी बद्रीलाई लिएर गएका थिए । पछि कुरा बुझ्दै जांदा पढाइ छोडेर बसेकी अनि उमेर पनि धेरै नै खाएको अनुमान गरेर कुरा नमिल्ने टुंगोमा पुगेछन् । पहिलो चोटी केटी हेर्न गएका मन परेन भने पनि ठाडै भन्न हुंदैन भन्ने सम्म थाहा थियो तर के भन्नु पर्छ भन्ने चाहिं थाहा थिएन । टाढाको बाटो फर्कन अप्ठ्यारै भएकोले राती पनि त्यहीं बस्ने भएछन् । उता अधिकारी बाजेले चाहिं त्यसको अर्कै अर्थ लाएछन् । पात्रो निकालीवरी विहेको लगन कहिले कहिले छ भनेर हेर्दै रहेछन् रातीमै । साथीले बाहिर हावा खान निस्कने निहुं गरेर कुरा बुझेछ । अब वित्यास पर्ने भयो, विहान त रातोटीका गराउने भए भनेर राती नै उठेर भागेछन् ।

त्यस पछि धेरै ठाउंमा गए । अहिलेको जस्तो केटाकेटीलाई तिमीहरु कुरा गर भनेर खुला गफ गर्न छोडिदिने चलन थिएन त्यतिखेर । विहे अघि केटाकेटी ठम्याएर हेर्नै मुस्किल । धेरै ठाउंमा केटी हेर्न जांदा अब त मन परेन भने के गर्नुपर्छ भन्नेमा सिपालु भइसकेका थिए ।

-o-

लक्ष्मीदत्तको केटी हेर्न जांदा संधैजसो बद्री साथमा जान्थ्यो । बद्री लक्ष्मीदत्तको सानैदेखिको मिल्ने साथी थियो । क्याम्पस अगाडि स्टेशनरी पसल थियो बद्रीको । पढ्न धेरै सकेन बद्रीले । एसएलसीमा सेकेण्ड डिभिजन ल्याएर त्यहीं वीरेन्द्र क्याम्पसमा हिस्ट्री मेजर लिएर बिएको जांच दिंदै थियो अहिलेसम्म । बद्रीको पनि विहे भएको थिएन । कतै राम्रै ठाउंमा कुरा चल्यो भने विहे गर्ने पनि कुरा भएको थियो । यतिखेर लक्ष्मीदत्तको साथी भनेपनि, लमी भनेपनि उही भएको थियो । लक्ष्मीदत्तको काममा हिंड्दा उसलाई पनि राम्रै भएको थियो, यता उता हेर्न पाएको थियो ।

पटीहानीका सिद्धीचन्द्र भण्डारीकी छोरी राधाको कुरा आयो लक्ष्मीदत्तको लागि । लक्ष्मीदत्त र बद्री जाने भए । कुरा मिल्यो भने टीकाटालो गर्नेसम्मको आंट बोकेर गए उनीहरु । अचेल लक्ष्मीदत्तको बाबुले सबै व्यवहार उनैलाई सुम्पिदिएका थिए । त्यसैले जे जसरी गर्नुपर्ने हो लक्ष्मदित्तकै इच्छामा हुन्थ्यो ।

झम्के सांझमा पटीहानी पुगे । बद्री कुरा गर्नमा चलाख थियो । केटीको बाबुसंग बसेर अनेक गफ गर्न लाग्यो । केटाकेटीको देखादेख भान्सामा मात्र हुने कुरा बुझियो । लक्ष्मीदत्त आफैं केटा भएकोले धेरै गफ गर्न पनि सकेनन् । अहिलेको स्थिति र केटाको ल्याकत हेर्नेहो भने लक्ष्मीदत्त उम्काइ नसक्नु केटा थिए ।

बेलुकी भान्सामा केटीले निहुरिंदै खाना पस्किदिइन् । केटीका बाबु, लक्ष्मीदत्त र बद्री संगै खान बसे । अब कसरी केटीको अनुहार हेर्नु? पानी खानको लागि ग्लास नराखेर करुवा राखीदिएका रहेछन् । लक्ष्मीदत्तले करुवाबाट ठाडो घांटी लाउंदै पांच पटकसम्म पानी पिए । पानी पिउने त वहाना मात्र, त्यसो गर्दा केटीको अनुहारको झलक पाइने । पानी पिउन लागेको मान्छेलाई केही भन्न पनि मिलेन ।

लक्ष्मीदत्तले हेर्न त हेरे राधालाई तर अझै नियालेर हेर्ने धोको पुगेन । लुकी चोरी हेर्नु परेकोले भान्साको मधुरो उज्यालोमा भएर काली देखिएको हो कि रुप नै कल्स्याउंदो हो निधो गर्न सकेनन् । निधो गर्न बद्रीलाई सोधे ।

“केटी त अलि काली नै लाग्यो मलाई,” बद्रीले लक्ष्मीदत्तको मनमा चिसो पानी खन्याइदियो ।

त्यो रात यता उताका कुरा गरी बसे ।

“बद्री बाबु, कुरा के भो? निधो पाम् न त” विहान केटीका बाबुले बद्रीलाई एक्लै बोलाएर सोधे ।

“एकचोटी घरसल्लाह गरेर निधो गर्ने भनेको छ साथीले” बद्रीले कुरा मिलायो ।

लक्ष्मीदत्त र बद्री घरतिर फर्के । त्यसको साता दशदिनपछि एमएको परीक्षाको लागि एक महिनाको छुट्टि लिएर लक्ष्मीदत्त काठमाण्डौं हिंडे ।

पराजुली माइला मार्फत् लक्ष्मीले राधालाई मन नपराएको खबर पटीहानी पुग्यो । खबर लगिदिने पराजुली माइला भण्डारीका आफन्त पर्थे । बद्रीसंगबाट खबर लिएर गएका उनी फर्कंदा बद्रीकै लागि खबर लिएर फर्केछन् ।

-o-

“त्यो लक्ष्मीदत्त भन्नेसंग हाम्रो छोरीलाई हेर्न आउने ती बद्रीबाबुको पनि विहे भाछैन भन्या हैन? हैन कस्ता छन् तीनका खानदान? कि उनले गरे भने दिन हुन्छ राधिका?” राधाकी आमाले राधाको बाबुसंग कुरा गरिछन् ।

“कस्ता फरासिला थिए ती बद्रीबाबु । त्यो लक्ष्मीदत्त त त्यति बोल्ने जस्तो पनि लाग्या थिएन” राधाकी आमाले थपिन् । उनलाई त छोरी हेर्न आउंदैमा लक्ष्मीदत्त भन्दा बद्री पो मन परेको रैछ ।

सिद्धिलालले पनि घोरिएर सोचेछन् । एकमनले ठीकै हो जस्तो पनि लागेछ । बिए सम्म पढेको, एउटा इलम गरेर बसेको केटा ठीकै त हो जस्तो लागेर पराजुलीसंग प्रस्ताव राखी पठाएछन् ।

वास्तवमा बद्रीलाई पनि राधा मन परेको रहेछ। लक्ष्मीदत्तले लुकीलुकी हेर्नुपर्ने बेलामा बद्रीले निर्धक्कसंग राधाको रुपरंग हेर्न पाएको थियो। केटीको खानदान सबै थाहा भएकै थियो। नाइं भन्ने कुरै थिएन। तीनदिन पछि नै बद्री र राधाको विहे भयो।

-o-

काठमाण्डौंबाट फर्केपछि सबै कुरा खुलस्त भयो। गाउंघरमा बद्रीले धोका दिएर लक्ष्मीलाई दिने भनेको केटी आफैंलाई पार्‍यो रे भन्ने गाइंगुइं हुंदै गयो। यस्तैमा लक्ष्मीदत्तले गैडाकोटकी अर्यालकी छोरी रुपालाई विहे गरे। साधारण विहे गर्नुपर्छ भन्ने लक्ष्मीदत्तले आफैंले मागेर दाइजोमा ज्वाईं मोटरसाइकल पनि मिलाए रे। पोहोर साल भरतपुर जांदा थाहा भयो अचेल लक्ष्मीदत्त र बद्रीको आवत जावत छैन रहेछ।

*अवर्न विश्वविद्यालय, अलावामा*
*फेबुअरी ६, २००३*